*प्रकाशित मिति २०७०।०७।२९*

*आ.व. २०६९/०७० मा सम्पन्न जिल्ला विकास योजनाहरुको*

# सामाजिक परीक्षण प्रतिवेदन २०७०

पेश गरिने निकाय

## जिल्ला विकास समिति, बागलुङ

प्रस्तुत कर्ता

भूमिश्वर शर्मा

भोलानाथ ढकाल

सामाजिक परीक्षक

## २८ कार्तिक २०७०

## १. परिचय

### १.१ भूमिका

स्थानीय स्वायत्त सरकार भनेको विकेन्द्रीकरणको सिद्धान्तमा आधारित जनताको सबैभन्दा नजिकको लोकतान्त्रिक निकाय हो जसलाई एक निश्चित भौगोलिक क्षेत्रभित्रका जनताका दैनिक जीवनमा आईपर्ने जनचासोका विषयमा पूर्णरुपमा **responsible and accountable** हुन्छन् र जनताको जिविकोपार्जनमा सहजता आउँछ भन्ने विश्वास गरिन्छ । स्थानीय स्तरका जनताको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक सवलीकरणको जिम्मेवार निकायको रुपमा रहेको स्थानीय निकायहरुको व्यवहार सधैं जनमुखी, जनउत्तरदायी तथा पारदर्शी हुनुपर्ने पनि यसको अर्को एक आधारभुत विषेशता हो । यीनै निकायहरुको व्यवहारको आधारमा स्थानीय जनताले आफ्नो धारणा बनाउने र राज्यप्रतिको सन्तुष्टी तथा असन्तुष्टीहरु व्यक्त गर्ने भएकोले पनि यीनिहरुको व्यवहार सदा जनमुखी, पारदर्शी तथा जनसहयोगी हुन्छ भन्ने विश्वासका साथ नेपालमा पनि स्थानीय स्वायत्त शासनको शुरुवात भएको थियो ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिहरुलाई नेपालमा स्थानीय सरकारको रुपमा परिभाषित गरिए अनुरुप यी सबै निकायहरुको आ-आफ्नै जिम्मेवारी तथा दायित्व छ । यीनीहरु मध्ये पनि जिल्ला विकास समिति झन् यस्तो निकायको रुपमा रहेको छ जसको छुट्टै भौगोलिक क्षेत्र छैन जहाँ गा.वि.स. तथा नगरपालिकाहरुको उपस्थिति नहोस् । यसले के देखाउँछ भने जिल्ला विकास समिति भनेको जनताका तहका स्थानीय निकायहरुको काममा एकरुपता तथा तादम्यता ल्याउनका लागि समन्वय तथा सहजीकरण गरिदिने निकाय हो । यति हुंदाहुंदै पनि जिल्ला स्तरीय योजनाहरु जसमा २ वा २ भन्दा बढी गाविसहरुको क्षेत्रलाई समेटेको हुन्छ, त्यस्तै गरी केन्द्रीय स्तरका योजनाहरुको पनि अनुगमन तथा प्राविधिक सहयोग उपलब्ध गराई quality assurance मा भूमिका खेली स्थानीय सामुदायिक विकासमा जनसहभागितालाई अभिवृद्धि गरी गुणात्मक सामाजिक रुपान्तरणमा सहयोगीको भूमिका खेल्नु यसको मुख्य दायित्व भित्र पर्ने भएकोले जिल्ला विकास समितिले संचालन गरेका हरेक आयोजनाहरुको सामाजिक परिक्षण हुनु व्यवहारिक मानिन्छ ।

### १.२ औचित्य

योजना भन्नाले समुदाय तथा स्थानीय तहमा वस्तु र सेवाको माग र आपुर्तिलाई व्यवस्थित र प्रभावकारी बनाउन सहभागितामूलक रुपमा सरकार, नागरिक समाज, लक्षित वर्ग तथा स्थानीय सरोकारवालाहरुको सहभागिता के, कति, कहाँ, किन, कहिले र कसका लागि भनि किटान गरी निश्चित संरचनागत ढाँचामा तयार गरिएको लिखित दस्तावेज हो भन्ने यसको सैद्धान्तिक आधार हो भने कानुनमा व्यवस्था भए अनुसार योजना पहिचान देखि छनौट अनि

कार्यान्वयन सम्मका चरणहरु सिलसिलावद्ध रुपमा पालन गर्नु यसको कानुनी आधार मानिन्छ, जसलाई हरेक जिल्ला विकास समितिहरुले पालन नगरी नहुने भएकोले यसैका वरिपरी रही दिर्घकालीन तथा आवधिक तथा बार्षिक योजनाहरु निर्माण तथा कार्यान्वयन गर्ने गरिन्छ ।

नेपालमा स्थानीय स्वायत्त शासन ऐन २०५५ लागू भए पश्चात यस भन्दा अघि केन्द्रीय सरकारी निकायले स्थानीय विषयगत कार्यालयहरुको माध्यमबाट वा सिधै आँफै गर्ने गरेका योजनाहरुको सञ्चालन र व्यवस्थापन गर्ने गरी कानुनी र आर्थिक आधार तय गरी त्यही अनुरुपको एकमुष्ठ अनुदान प्रणालीको व्यवस्था भए अनुसार स्थानीय निकायहरुको जिम्मेवारी थपिएको छ र सिमित साधन श्रोतको प्रयोग गरी प्राथमिकताको आधारमा योजना निर्माण गर्नु र कार्यान्वयन गर्नु बाध्यता रहेको त छ नै त्यसमा पनि well being of people, participation, equity/inclusiveness, transparency, accountability, quality, meeting the targets, adherence to statutory and procedural standards, social benefits, sustainability आदि लगायतका सवालहरुको उत्तर खोज्नु आवश्यक मात्र नभइ अपरिहार्य नै भएकोले जिल्ला विकास समिति बागलुङ अनि यस अन्तर्गत अन्य विषयगत कार्यालयहरुले सम्पादन गरेका आयोजनाहरुको सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २. उद्देश्य

समय सापेक्ष तथा जनचाहना अनुरुप गुणात्मक विकासको माध्यमबाट स्थानीय आवश्यकताको दिगो समाधान, जनताहरुमा स्थानीय निकाय, लोकतान्त्रिक व्यवस्था, सरकार तथा राज्य प्रति सकारात्मक धारणाको विकास गराउनु तथा स्थानीय निकायलाई सामाजिक उत्तरदायित्व प्रति बढी जिम्मेवार बनाउनु सामाजिक परीक्षण अवधारणाको दीर्घकालिन उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु यसप्रकार छन् :

१. स्थानीय निकाय (विषयगत कार्यालय) समेतले गत आ.व.मा हासिल गरेका मुख्य मुख्य सामाजिक उपलब्धि तथा सामाजिक उत्तरदायित्व निर्वाहको लेखाजोखा गर्नु ।

२. आगामी आ.व. को योजना तर्जुमाका लागि आधार तय गर्नु तथा मार्गदर्शन गर्नु ।

३. स्थानीय निकायलाई पिछडिएका वर्ग, क्षेत्र, लिंग, र समुदाय प्रति बढी संवेदनशील तथा downward accountability तर्फ सजग गराउनु र

४. स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले तोकेका सामाजिक जिम्मेवारीहरु प्रति स्थानीय निकायलाई बढी सजग र सचेत गराउनु ।

## ३. अध्ययन विधि तथा चरणहरु

सामाजिक परिक्षण प्रयोजनका लागि सम्वन्धित ऐन तथा नियमावलीहरु जस्तैः स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ लगायत जिल्ला विकास समिति तथा जिल्ला स्थित विषयगत कार्यालय समेतबाट गत आ.व.मा सम्पन्न गरेका आयोजना तथा कार्यक्रमहरुको प्रगति तथा उपलब्धीसँग सम्बन्धित विवरण संकलन गरी सामाजिक उत्तरदायित्वका बारेमा योजनाले खेलेको भूमिकाको विश्लेषण गरिएको छ । जिल्ला विकास समितिका बिभिन्न शाखाहरु जस्तैः योजना, प्रशासन, स्टोर, अकाउन्ट आदिबाट आवश्यकता अनुसारको सुचनाहरु संकलन गरी प्रतिवेदन तयार गरिएको हो । त्यस्तै गरी जि.वि.स.का सम्बन्धित शाखाका कर्मचारीहरुसँग सामुहिक वा व्यक्तिगत छलफल विधिलाई पनि अध्ययनको क्रममा अपनाइएको छ । सर्वसाधारण नागरिकहरुको जिल्ला विकास समितिका गतिविधि तथा सेवा प्रवाह प्रतिको धारणा तथा गुनासाहरु बुझ्नका लागि अनुसुची २ अनुसारको check list को प्रयोग गरी अनौपचारिक छलफलको माध्यमबाट समेत आवश्यक सुचना तथा तथ्यांकहरु संकलन गरी आएका नतिजाहरुलाई सामान्यीकरण गरिएको छ। यसका लागि निम्न चरणहरु अपनाइएको थियो :

चरण १ : जिल्ला विकास समिति तथा विषयगत कार्यालयबाट आयोजनाका बारेका सुचना संकलन ।

चरण २ : सम्बन्धित शाखाका कर्मचारी तथा प्रगति विवरण अध्ययन गरी ड्राफ्ट प्रतिवेदन तयारी र सर्वपक्षीय भेलामा छलफल ।

चरण ३ : सर्वपक्षीय भेलाबाट आएका महत्वपूर्ण विचारहरु तथा तिनका विषयमा जिल्ला विकास समितिका तर्फबाट दिईएको पुष्ट्याईं समेत समावेश गरी अन्तिम प्रतिवेदन तयारी र जिल्ला विकास समितिमा पेश ।

***सुचनाको श्रोत :***

सुचना संकलनका लागि मूलत प्राथमिक श्रोतलाई बढी महत्व दिईएको छ भने सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाको अध्ययन, पूर्व कार्य समिक्षा, पूर्व प्रकाशित सम्बन्धित सामाग्रीको अध्ययन, जि.वि.स., विषयगत कार्यालय तथा सम्बन्धित गा.वि.स.बाट उपलब्ध तथ्यांकलाई पनि यस अध्ययनको उपयुक्त सुचनाको श्रोतको रुपमा उपभोग गरिएको थियो ।

***सुचना संकलन विधि र प्रक्रिया :***

सुचना वा तथ्यांक संकलन कार्यविधिले तोकेकै ढाँचामा सम्बन्धित कार्यालयहरुबाट सुचना संकलन गरियो भने त्यसको सत्यता पुष्ट्याईंका लागि लाभाग्राहीहरुको प्रतिक्रिया तथा सल्लाह सुझाव लिनका लागि check list को प्रयोग गरियो । सामाजिक उत्तरदायित्व मापनका लागि स्वयं नागरिक तथा नागरिकहरुका प्रतिनिधिमूलक संस्थाहरुका प्रतिनिधिहरुको सहभागितामा सार्वजनिक भेलामा प्रस्तुत गरी यसमा समावेश गरिएको छ ।

***सुचनाको विश्लेषण र प्रस्तुती :***

संकलित सुचनाको विश्लेषण संख्यात्मक नभई गुणात्मक आधारमा गर्ने प्रयत्न गरिएको छ । त्यसै अनुरुप विश्लेषणका लागि quantitative statistical tools को मात्र प्रयोग नगरी विषयगत विश्लेषणका विभिन्न विधिहरुलाई पनि प्रयोग गरिएको छ ।

***अन्तिम प्रतिवेदन तयारी :***

विभिन्न श्रोतबाट संकलित सुचनाहरुको अवश्यकता अनुरुपको विश्लेषण तथा विवेचना गरी तयार गरिएको ड्राफ्ट प्रतिवेदनलाई सर्वदलीय तथा सर्वपक्षीय भेलामा प्रस्तुत गरी त्यसै भेलाबाट उठेका सवालहरुलाई समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको हो ।

## ४. अध्ययनको सिमा

जिल्ला विकास समितिको सामाजिक परीक्षण भएकोले जि.वि.स. तथा जिल्ला स्थित विषयगत कार्यालय समेतबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरु सामाजिक जिम्मेवारी प्रति सजग रहे नरहेको अध्ययन गर्नु यस सामाजिक परीक्षणको उद्देश्य भएकोले सबै आयोजना तथा तिनीहरुको समग्र पक्षको अध्ययन नगरी सामाजिक क्षेत्रमा ती योजना तथा कार्यक्रमहरुको योगदानलाई मात्र विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । त्यसैगरी विषयगत कार्यालय तर्फ पनि जिल्ला स्थित सम्पूर्ण विषयगत कार्यालयहरुबाट सुचना संकलन नगरी स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेखित सुचकसँग सम्बन्धित कार्यालयहरुबाट मात्र सुचना माग गरी यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## ५. छलफल कार्यक्रमको विवरण

| | |
|---|---|
| **मिति :** | २०७० कार्तिक २५ |
| **स्थान :** | जिल्ला विकास समितिको सभाहल |
| **समय :** | दिनको १२ बजेदेखि ३ बजेसम्म |
| **उपस्थिति :** | ००० जना |

## ६. स्थानीय निकाय र विषयगत कार्यालयको विवरण

### ६.१ जिल्ला विकास समिति बागलुङ

### १. परिचय र पृष्ठभूमि

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जम्मा १६ वटा जिल्लाहरु मध्ये बागलुङ जिल्ला धौलागिरी अञ्चलको एक प्रमुख केन्द्रको रुपमा मानिन्छ । पूर्वमा पर्वत, पश्चिममा रुकुम र रोल्पा, उत्तरमा म्याग्दी र दक्षिणमा प्यूठान जिल्लासँग सिमा जोडिएको यो जिल्ला विश्वमानचित्रमा २८° १५' देखि २८° ३७' उत्तरी अक्षांश र ८३° देखि ८३° ३६' पूर्वी देशान्तरमा फैलिएको छ । कुल १७८४ वर्ग कि.मि. क्षेत्रफल तथा समुद्री सतहदेखि ६०० मिटर र ४६९० मि. सम्म फैलिएको यस जिल्लामा प्रशासनिक हिसाबले ३ वटा संसदीय निर्वाचन क्षेत्र, १३ वटा इलाका, ५९ वटा गा.वि.स. र १ नगरपालिका रहेको छ । पछिल्लो जनगणनाको प्रतिवेदन अनुसार यस जिल्लामा कुल परिवार संख्या ६१५२२ जसमा १५०६१६ महिला र ११७९९७ पुरुषगरी जम्मा २६८६१३ जनसंख्या रहेको छ । यस जिल्लाको कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा ओगट्ने जाती मगर हो । यस जिल्लाको बार्षिक जनसंख्या बृद्धिदर -०.०१ प्रतिशत र जनघनत्व प्रति वर्ग मिटरमा १५१ जना रहेको जनगणनाको तथ्यांकले देखाउँछ ।

### २. आर्थिक तथा सामाजिक अवस्था

नेपाल भित्रको सानो नेपाल तथा झोलुङ्गे पुलको जिल्ला भनेर चिनिने यस जिल्लाको मुख्य बजार भनेको जिल्ला सदरमुकाम बागलुङ हो जुन पोखरा बागलुङ राजमार्गसंग जोडिएको छ । भने अन्य स्थानीय बजार केन्द्रहरुमा कुश्मीशेरा, गल्कोट हटिया, बुर्तिवाङ, वोहोरागाऊँ, देवीस्थान, वोङ्गादोभान, बरेङ, भिमगिठे, ग्वालीचौर, घुसमेली, कांडेबास, रिजाल चोक (घोडा बाँदे), अक्षेते, काठेखोला, नारायणस्थान हटिया तथा वेलबगर रहेका छन् । हालसम्म ५६ गा.वि.स.हरु सडक सञ्जालमा जोडिईसकेका छन् भने विद्युत सेवा केन्द्र र स्थानीय गरी सबै गाविसहरुमा पुगेतापनि सबै घरहरु भने अझै समेटिन सकेका छैनन् । विगत वर्षको रेकर्ड अनुसार मानव विकासको अवस्थामा १९ औं स्थानमा रहेको यस जिल्लाको मानव विकास सुचाङ्क ०.४९२ रहेको छ भने लैङ्गिक विकास सुचाङ्क ०.४८१ र यस जिल्लाका नागरिकको औसत आयु ६३.५४ वर्ष रहेको छ ।

साक्षरता प्रतिशत ६४.८२ रहेको यस जिल्लामा राष्ट्रिय औसत भन्दा बढी अर्थात् ३५.७ प्रतिशत जनता गरिबीको रेखामुनि देखिने यस जिल्लाका नागरिकहरुको प्रमुख पेशा भनेको कृषि हो । कुल जनसंख्या मध्ये कृषिमा ७४.३५ प्रतिशत, रहेको मा उद्योग क्षेत्रले ५.६६ प्रतिशत ओगटेको छ । (जि.वि.स. २०६९) । पूर्वाधार विकासको क्षेत्रमा महत्वपूर्ण मानिने र स्थानीय निकायको सबैभन्दा बढी श्रोत परिचालन भएको सडक क्षेत्र रहेकोमा यस जिल्लामा पनि

हालसम्म कालोपत्रे ३७.३ कि.मि., ग्राभेल ४५.१४ कि.मि., र धुले सडक ९४७ कि.मि. गरी कुल १०२९.४४ कि.मि. सडक विस्तार भएको छ । अहिले सम्म सबै ५९ वटै गा.वि.स. र एक नगरपालिकालाई खुल्ला दिसामुक्त घोषणा गरिसकिएको छ ।

गत आ.व. २०६९/०७० को अभिलेखलाइ हेर्दा लक्षित वर्ग उत्थान तथा सामाजिक समावेशीकरण तर्फ खासगरी बालबालिकाका लागि साना ठूला गरी विभिन्न ६५ वटा कार्यक्रममा कुल १५,४५,००० खर्च गरेको जसबाट ९०० बालबालिका लाभान्वित भएको पाईन्छ । महिलाका लागि ३० वटा कार्यक्रममा १५,५५,००० खर्च गरिएको र यसबाट २७३६ जना महिला लाभलिन सफल भएको पाइन्छ । दलित आदीवासी जनजाति तर्फ सञ्चालित १९ वटा कार्यक्रममा १५,५०,००० खर्च गरी २०७५ जनालाई सेवा प्रदान गरिएको पाइन्छ । त्यसैगरी सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्रदान गर्ने जम्मा संख्या २३७९४ मध्ये बृद्ध भत्ता पाउने १५५४४ जना, अपाङ्ग भत्ता पाउने ३७०, एकल महिला भत्ता पाउने ७८८० र बालसंरक्षण अनुदान तर्फ १३५६६ जनाले भत्ता पाएको जि.वि.स.को सुचनाबाट देखिन आउँछ ।

## ३. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरु

१. सर्वसाधारण जनतालाई प्रत्यक्ष फाईदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने कार्यक्रमहरु ।
२. कृषि उत्पादन बढाउन सघाउ पुऱ्याउने कार्यक्रमहरु ।
३. पिछडिएका तथा उत्पीडित जाती, जनजाती, महिला, दलित बालवालिका, फरक क्षमता भएका मुस्लीम लगायत अल्पसंख्यक वर्ग लक्षित कार्यक्रमहरु ।
४. स्थानीय सीप, साधन र क्षमताको परिचालनबाट संचालन हुनसक्ने कार्यक्रमहरु ।
५. वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रमहरु ।

## ४. गत आर्थिक बर्षका मुख्य मुख्य नीतिहरु

१. गरिवी न्यूनिकरण गर्न सामाजिक परिचालनको माध्यमबाट विभिन्न आय आर्जन र चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
२. कृषि उत्पादन बृद्धि गर्न सघाउ पुऱ्याउने ।
३. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने र आयमुलक कार्यक्रमहरु संचालन गर्ने ।
४. नागरिकलाई सुशासन तथा पारदर्शिताको अनुभूति दिलाउन सार्वजनिक सुनुवाई तथा फरफारकको क्रममा सार्वजनिक ले.प. को व्यवस्था गर्ने ।

५. २ वा सो भन्दा बढी गाविसहरुलाई लाभ हुने आयोजनाहरुमा जि.वि.स.ले लगानी गर्ने र अन्य साना आयोजनाहरुमा सम्बन्धित गा.वि.स.हरुलाई प्रोत्साहन गर्ने ।

६. विषयगत कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, सहकारी आदि विकासका प्रमुख सरोकारवालाहरुसंग समन्वयात्मक तरीकाले विकास गतिविधि अगाडी बढाउन पहल गर्ने ।

७. जिल्लामा हाल भैरहेको सिमित आन्तरिक श्रोतलाई बृद्धि गर्न श्रोत बृद्धि हुने क्षेत्र पहिचान गरी कार्यान्वयन अगाडी बढाउने ।

८. पर्यटन, प्राकृतिक प्रकोप, एच.आइ.भी. एड्स, संचार क्षेत्र नीजिक्षेत्र, जलवायु परिवर्तन, संगठनात्मक सुधार, अन्वेषण, मानव अधिकार, सुशासन, साझेदारी, समन्वय, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि, लैंगिक समता लगायतका क्षेत्रमा जिल्लाको क्षमता र आवश्यकताको आधारमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

९. जि.वि.स. मूलत नियमक निकाय भएकोले गै.स.स., सामुदायिक विकास संस्था, उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्ने ।

## ५. गत आर्थिक बर्षका मुख्य मुख्य उपलब्धि तथा सवल पक्षहरु

१. जिल्लाका ५९ वटै गा.वि.स. हरु र १ नगरपालिकाहरुलाई खुला दिसामुक्त घोषणा गरिसकिएको र जिल्लालाई खुला दिसामुक्त घोषणा गर्ने तयारी भैरहेको ।

२. जिल्ला स्तरीय खानेपानी तथा सरसफाइ सम्बन्धी ५ बर्षे रणनितिक वास योजना स्विकृत गरिएको ।

३. जिल्ला विकास समितिका गतिविधीहरु एफ.एम. रेडियो मार्फत् प्रचार प्रसार गर्ने गरिएको ।

४. जिल्ला स्तरका विकासका गतिविधिहरु संचालनमा जिल्ला स्थित राजनीतिक दलको समन्वय र सहयोग प्रभावकारी रहेको ।

५. सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी विश्लेषण गरिएको ।

***जिल्ला विकास समितिले पहिचान गरेका जिल्लाका अवसर तथा सम्भावनाहरु :***

- प्रचुर मात्रामा जलविद्युत उत्पादन हुन सक्ने ।
- ढोरपाटन सिकार आरक्ष, गाजादह, घुम्टेलेख, भैरवस्थान, भकुन्डेलेख, कालिका भगवती मन्दिर लगायत मनमोहक र राष्ट्रिय महत्वका पर्यटकीय क्षेत्रहरु भएकोले पर्यटन विकासको प्रवल सम्भावना ।
- कृषियोग्य भूमि समेत उल्लेख्य भएकोले कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गरेमा आर्थिक विकासको प्रवल सम्भावना ।
- यार्सागुम्वा, जटमसी जस्ता दुर्लभ जडीवुटीहरु समेत पाइने सम्भावना रहेकोले सोको पहिचान, विकास र उपयोग रणनीति निर्माण गर्नु आवश्यक भएको ।

६. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था आ.व. २०६८/६९** | **आ.व. २०६९ /७० मा** |
|---|---|---|
| **स्वास्थ्य** | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुंच भएको घरधुरी प्रतिशत | ८० | ८२ |
| पाँच बर्ष मुनीका बालबालिकाको प्रतिशत | ५२ | ५६ |
| खोप पहुंच भएको जनसंख्या (एक वर्ष मुनीका बालवालिकाको आधारमा) प्रतिशत | ६८ | ८७ |
| ४ पटक गर्भवती जांच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ६८ | ६९ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या प्रतिशतमा | २५ | ४२ |
| झाडा पखलाबाट मृत्यु हुने बालवालिका संख्या | ० | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ३५६१८ | ४२४२१ |
| **शिक्षा** | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालवालिकाको संख्या | ८१५२ | ७२७० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ५१ प्रतिशत | ५५ प्रतिशत |
| प्राथमिक विद्यालयमा पहुंच नभएका सो उमेर समुहका बालवालिका संख्या / प्रतिशत | ४.३ प्रतिशत | २.२ प्रतिशत |
| कक्षा १ मा खुद भर्नादर छात्र / छात्रा | ९० प्रतिशत | ९१.६ प्रतिशत |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या/प्रतिशत | ९८ प्रतिशत | ९८ प्रतिशत |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ३५ | २७ |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | - | - |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | - | - |
| दलित बालवालिकाको शिक्षामा पहुंच | - | - |

| | | |
|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या र प्रतिशत | ५३४४१ (९३.९८) | ५३५९४ (९४.५) |
| शौचालय भएको संख्या र प्रतिशत | ३७००७ (६५.०८) | ५२३१५ (९२) |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | - | - |
| शौचालय भएको परिवार संख्या | - | - |
| सुधारिएको चुलो भएको परिवार संख्या | - | - |
| **बालवालिका, महिला तथा समावेशी क्षेत्र** | | |
| बाल विवाहको संख्या | - | - |
| सामाजिक विकृति, विसंगति | - | - |
| सामाजिक सुरक्षामा गरिएको कार्यक्रमहरुको संख्या तथा गुणात्मक उपलब्धि | १८ जना स्वास्थ्य उपचार सेवा कार्यक्रम | २४ जना स्वास्थ्य उपचार सेवा कार्यक्रम |
| **जनचेतना तथा गरिवी निवारण** | | |
| बाल श्रमको अवस्था | | - |
| बाल क्लवहरुको अवस्था | ११४ | १२४ |
| महिला हिंसा | १४४ | १३६ |
| रोजगारीको अवस्था | - | - |
| **विकासमा समान सहभागिता सेवाहरुमा पहुंच** | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | १ घण्टा ३० मिनेट | १ घण्टा १५ मिनेट |
| कृषि सेवा केन्द्र पुग्न लाग्ने समय | १ घण्टा ३० मिनेट | १ घण्टा ३० मिनेट |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको विशेष अवसरहरु | | विभिन्न आयमूलक कार्यक्रमहरु |
| **संस्थागत क्षमता** | | |
| जनशक्ति | कुल दरवन्दी संख्या १०७ तर पदपूर्ति संख्या ९४ | |
| नीति तथा कार्यक्रम | १. गरिवी न्यूनिकरण गर्न सामाजिक परिचालनको माध्यमबाट विभिन्न आय आर्जन र चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने । २. कृषि उत्पादन बृद्धि गर्न सघाउ पुऱ्याउने । | |

| | |
|---|---|
| | ३. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने र आयमुलक कार्यक्रमहरु संचालन गर्ने ।<br>४. नागरिकलाई सुशासन तथा पारदर्शिताको अनुभूति दिलाउन सार्वजनिक सुनुवाई तथा फरफारकको क्रममा सार्वजनिक ले.प. को व्यवस्था गर्ने ।<br>५. २ वा सो भन्दा बढी गाविसहरुलाई लाभ हुने आयोजनाहरुमा जि.वि.स.ले लगानी गर्ने र अन्य साना आयोजनाहरुमा सम्बन्धित गा.वि.स.हरुलाई प्रोत्साहन गर्ने ।<br>६. विषयगत कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, सहकारी आदि विकासका प्रमुख सरोकारवालाहरुसंग समन्वयात्मक तरीकाले विकास गतिविधि अगाडी बढाउन पहल गर्ने ।<br>७. जिल्लामा हाल भैरहेको सिमित आन्तरिक श्रोतलाई बृद्धि गर्न श्रोत बृद्धि हुने क्षेत्र पहिचान गरी कार्यान्वयन अगाडी बढाउने ।<br>८. पर्यटन, प्राकृतिक प्रकोप, एच.आइ.भी. एड्स, संचार क्षेत्र नीजिक्षेत्र, जलवायु परिवर्तन, संगठनात्मक सुधार, अन्वेषण, मानव अधिकार, सुशासन, साझेदारी, समन्वय, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि, लैंगिक समता लगायतका क्षेत्रमा जिल्लाको क्षमता र आवश्यकताको आधारमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।<br>९. जि.वि.स. मूलत नियमक निकाय भएकोले गै.स.स., सामुदायिक विकास संस्था, उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्ने । |
| भौतिक व्यवस्था | १. ३ रोपनी क्षेत्रफलमा निर्मित ४ तले २७ कोठा |

| | |
|---|---|
| | भएको भवन १<br>२. बा.न.पा. ११ उपल्लो चौरमा १ तले १६ कोठा भएको भवन १<br>३. खर्वाङ बजारमा ५ रोपनी जमिनमा निर्मित ३२ कोठा भएका ४ ओटा भवन<br>४. पूर्व जि.वि.स. कार्यालय र हाल स्टोरका रुपमा रहेको भवन १<br>५. सरकारी सवारी साधनहरु<br>पिक अप -२<br>जिप - १<br>ट्याक्टर - २<br>मोटरसाइकल - ४<br>सरकारी गाडी - १ |
| समन्वय र सहकार्यका प्रयासहरु | १. विषयगत कार्यालयहरु, गै.स.स.हरु, निजी क्षेत्र, सहकारी आदि विकासका प्रमुख सरोकारवालाहरुसंग समन्वयात्मक तरिकाले विकास गतिविधि अघि बढाउन पहल गर्ने ।<br>२. जि.वि.स. मूलतः नियमक निकाय भएकोले गै.स.स., समुदायिक विकास संस्था, उपभोक्ता समिति मार्फत् आयोजना कार्यान्वयन गर्ने । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | पिछडिएका वर्ग, क्षेत्र र समुदायका लागि आर्थिक सामाजिक सवलीकरणका कार्यक्रमहरु । |

समाजिक परीक्षकको:

हस्ताक्षर :

नाम:

मिति:

## ६.२ विषयगत कार्यालयहरुको विवरण

**१. विषयगत कार्यालयको नाम: जिल्ला शिक्षा कार्यालय बागलुङ**

**२. गत आ.व.को विकास लक्ष्य:**

क. विद्यालय शिक्षा विषेश गरी आधारभूत तहको शिक्षामा पहुँच बृद्धि ।

ख. प्रौढ साक्षरता विषेशगरी महिला साक्षरता बढाउने ।

ग. विद्यार्थी सिकाई उपलब्धिमा बृद्धि गर्ने ।

**३. मुख्य मुख्य उद्देश्य**

क. आधारभुत तहको विद्यार्थी भर्नादर बढाउने ।

ख. प्रौढ साक्षरता दरमा बृद्धि गर्ने ।

ग. विद्यार्थीको सिकाई उपलब्धिमा बृद्धि गर्ने ।

**४. गत आ.व.(२०६९/०७०) मा संचालित विकास आयोजना तथा कार्यक्रमको विवरण**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | लक्ष्य (प्रतिशतमा) | उपलब्धि (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| १. | प्रारम्भिक बाल विकासको कुल भर्ना | ७०.०० | ६६.१० | |
| २. | प्राथमिक तहको खुद भर्ना | ९७.५० | ९७.८० | |
| ३. | साक्षरता प्रतिशत | ७०.०० | ७१.८८ | |
| ४. | कक्षा १ को खुद भर्ना | ९५.०० | ९१.६० | |
| ५. | कक्षा १ दोहोऱ्याउने दर | २०.०० | २३.२० | |
| ६. | कक्षा १ छोड्ने दर | ५.०० | ६.४० | |
| ७. | विद्यार्थी सिकाई उपलब्धि (१ देखि ५) | ५५.०० | ४९.६९ | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाइ सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नितीगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (बुंदागत रुपमा प्रस्तुत गर्ने)**

क. विद्यालयहरुको भैातिक सुविधा विस्तार तथा कक्षा व्यवस्थापन ।

ख. साक्षरता अभियान, साक्षरोत्तर शिक्षा र आय आर्जन कार्यक्रम ।

ग. भर्ना अभियान, क्षमता अभिवृद्धि, योजना निर्माण र कार्यान्वयन ।

घ. नियमित सुपरिवेक्षण तथा अनुगमन ।

**६. सामाजिक जिम्मेवारी वहनको क्षेत्र तथा क्षमताः**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था आ.व. २०६८/६९** | **आ.व. २०६९ /७० मा** |
|---|---|---|
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालवालिकाको संख्या | ८१५२ | ७२७० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ५१ प्रतिशत | ५५ प्रतिशत |
| प्राथमिक विद्यालयमा पहुंच नभएका सो उमेर समुहका बालवालिका संख्या / प्रतिशत | ४.३ प्रतिशत | २.२ प्रतिशत |
| कक्षा १ मा खुद भर्नादर छात्र / छात्रा | ९० प्रतिशत | ९१.६ प्रतिशत |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या/प्रतिशत | ९८ प्रतिशत | ९८ प्रतिशत |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ३५ | २७ |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | - | - |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | - | - |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका मुख्य मुख्य समस्याहरु (वुंदागत रुपमा)**

क. विद्यालय सुधार योजना र गाउँ शिक्षा योजना निर्माण प्रभावकारी नभएको ।

ख. शिक्षक दरबन्दी मिलान अद्यावधिक हुन नसकेको ।

ग. विकट क्षेत्रमा घुम्ती बसाईले पहुँच, टिकाऊ र उपलब्धिमा समस्या ।

**८. भावी कार्यक्रम संचालनका लागी नितीगत तहवाट चाल्नुर्पे कदमहरु तथा सुझावहरु (वुंदागत रुपमा)**

क. सरोकारवालाहरुलाई योजना निर्माण, कार्यान्वयन र अनुगमनमा क्षमता बढाउने ।

ख. विद्यार्थी संख्याका अनुपातमा शिक्षक दरबन्दी मिलानलाई अद्यावधिक गर्ने ।

ग. घुम्ती बसाई भएका विकट स्थानमा घुम्ती विद्यालय सञ्चालन गर्ने ।

**सामाजिक परीक्षकको तर्फवाट**

हस्ताक्षरः

नामः

मितिः

**१. विषयगत कार्यालयको नामः महिला तथा बालवालिका कार्यालय, बागलुङ**

**२. गत आ.व.को विकास लक्ष्यः**

- क. सशक्तिकरण
- ख. मूलप्रवाहीकरण
- ग. समावेशीकरण

**३. मुख्य मुख्य उद्देश्य**

- क. पिछडिएका र अवसरबाट बञ्चित महिलाको चेतना जागरण र क्षमता विकास ।
- ख. सामाजिक कुरिति, चेलीवेटी बेचविखन र हिंसा विरुद्ध पुरुषको सहभागिता बढाउने ।
- ग. रोजगारीका अवसरहरुको खोजीका लागि क्षमता विकास, सुचना प्रवाह, अनुगमन र मूल्यांकन ।

**४. गत आ.व.(२०६९/०७०) मा संचालित विकास आयोजना तथा कार्यक्रमको विवरण**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | लक्ष्य (प्रतिशतमा) | उपलब्धि (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| १. | समुह समिति गठन | ७८ वटा/१४ | ११० वटा/१४ | |
| २. | अनुशिक्षण कार्यक्रम | ३०० जना | ३०० जना | |
| ३. | समविकास तालिम | ६० जना | ६० जना | |
| ४. | प्रजनन् स्वास्थ्य तालिम | - | - | |
| ५. | किशोरी विकास तालिम | ३० जना | ३० जना | |
| ६. | लेखापालन तालिम | २० जना | २० जना | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाइ सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नितीगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (वुंदागत रुपमा प्रस्तुत गर्ने)**

- क. समतामय सम्पन्न समुदाय (परिकल्पना)
- ख. सार्थक अभिकार्यका लागि विपन्न महिलाको साथ (ध्येय)

**६. सामाजिक जिम्मेवारी वहनको क्षेत्र तथा क्षमताः**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था आ.व. २०६८/६९** | **आ.व. २०६९ /७० मा** |
|---|---|---|
| बाल विवाहको संख्या | - | - |
| सामाजिक सुरक्षामा गरिएको कार्यक्रमहरुको संख्या तथा गुणात्मक उपलब्धि | १८ जना स्वास्थ्य उपचार सेवा कार्यक्रम | २४ जना स्वास्थ्य उपचार सेवा कार्यक्रम |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका मुख्य मुख्य समस्याहरु (वुंदागत रुपमा)**

क. ग्रामीणस्तरमा सञ्चालन हुने तालिमहरुमा भत्ता नहुने हुनाले सहभागी गराउन गाऱ्हो ।

ख. कार्यालयमा दरबन्दी अनुसार कर्मचारी नहुनु ।

ग. महिलाहरुलाई जिल्लास्तरको कार्यक्रममा सहभागी गराउन कठिनाई ।

**८. भावी कार्यक्रम संचालनका लागी नितीगत तहवाट चाल्नुर्पे कदमहरु तथा सुझावहरु (वुंदागत रुपमा)**

क. अनुशिक्षण कार्यक्रममा समेत सहभागीहरुलाई भत्ता राख्नुपर्ने ।

ख. विना बजेटको कार्यक्रमहरु राख्न नहुने ।

ग. सामाजिक परिचालिकालाई परिचालनका लागि प्रशासनिक र अनुगमन बजेटको व्यवस्था हुनुपर्ने ।

**सामाजिक परीक्षकको तर्फवाट**

हस्ताक्षरः

नामः

मितिः

**१. विषयगत कार्यालयको नामः खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ**

**२. गत आ.व.को विकास लक्ष्यः**

क. १७ गोटा खानेपानी आयोजना मध्ये १६ गोटा चालु खानेपानी आयोजनाहरुको कार्य अगाडी बढाउने र १ गोटा खानेपानी आयोजना सम्पन्न गर्ने ।

ख. वातावरणीय सरसफाई सम्बन्धि विभिन्न गतिविधिहरु सञ्चालन गर्ने ।

ग. वर्षातको पानी संकलन गर्ने ।

घ. पानीको गुणस्तर सुधार गर्ने ।

**३. मुख्य मुख्य उद्देश्य**

क. खानेपानीको पहुँच नपुगेको क्षेत्रमा खानेपानी उपलब्ध गराउने ।

ख. खानेपानीको मुहानहरु नभएको क्षेत्रमा वर्षातको पानी संकलन गरी खानेपानी उपलब्ध गराउने ।

ग. सरसफाई सम्बन्धि विभिन्न कार्यक्रमहरु अगाडी बढाउने ।

घ. खानेपानीको गुणस्तर सुधार गर्ने ।

**४. गत आ.व.मा संचालित विकास आयोजना तथा कार्यक्रमको विवरण**

| **क्र.स.** | **आयोजना तथा कार्यक्रमको नाम** | **लक्ष्य (प्रतिशतमा)** | **उपलब्धि (प्रतिशतमा)** | **कैफियत** |
|---|---|---|---|---|
| १. | चालु खानेपानी आयोजनाहरु | १०० | १०० | १७ गोटा चालु खा.पा.आ. मध्ये १ गोटा सम्पन्न गर्ने |
| २. | वातावरणीय सरसफाई कार्यक्रम | १०० | १०० | |
| ३. | भकुण्डे वर्षातको पानी संकलन कार्यक्रम | १०० | १०० | |
| ४. | वलेवा नारायणस्थान गुणस्तर सुधार आयोजना | १०० | १०० | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाइ सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नितीगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (वुंदागत रुपमा प्रस्तुत गर्ने)**

क. खानेपानीको गुणस्तर सुधार ।

ख. सरसफाई तर्फ जिल्लालाई खुल्ला दिसामुक्त गराउन विशेष अभियान ।

**६. सामाजिक जिम्मेवारी वहनको क्षेत्र तथा क्षमताः**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था<br>आ.व. २०६८/६९** | **आ.व. २०६९ /७० मा** |
|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या र प्रतिशत | ५३४४१ (९३.९८) | ५३५९४ (९४.५०) |
| शौचालय भएको संख्या र प्रतिशत | ३७००७ (६५.०८) | ५२३१५ (९२.००) |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | - | - |
| सुधारिएको चुलो भएको परिवार संख्या | - | - |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका मुख्य मुख्य समस्याहरु (वुंदागत रुपमा)**

क. आयोजनामा आवश्यकता अनुसार श्रोतको कमि ।

ख. मुहान सम्बन्धि विवाद ।

ग. भौगोलिक कठिनाई ।

**८. भावी कार्यक्रम संचालनका लागी नितीगत तहवाट चाल्नुर्पे कदमहरु तथा सुझावहरु (वुंदागत रुपमा)**

क. आयोजनाहरुमा श्रोतको उचित व्यवस्थापन हुनुपर्ने ।

ख. सडकको सहज पहुँच ।

**सामाजिक परीक्षकको तर्फवाट**

हस्ताक्षरः

नामः

मितिः

**१. विषयगत कार्यालयको नामः जिल्ला स्वास्थ्य कार्यालय बागलुङ**

**२. गत आ.व.को विकास लक्ष्यः**

क. खोप सेवा (एक वर्ष भित्रका बालवालिका र गर्भवती महिला)

ख. सुरक्षित मातृत्व सेवा (गर्भवती, सुत्केरी र उत्तर प्रसुती)

ग. अस्थायी तथा स्थायी परिवार नियोजन सेवा ।

**३. मुख्य मुख्य उद्देश्य**

क. लैंगिक समानता तथा समतामूलक स्वास्थ्य सेवा

ख. सेवाको पहुँचमा नरहेका अल्पसंख्यक तथा पिछडिएको क्षेत्रमा सेवा

ग. पुनरस्थापनार्थक (Rehabilatative) स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**४. गत आ.व. (२०६९/०७०) मा संचालित विकास आयोजना तथा कार्यक्रमको विवरण**

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | लक्ष्य | उपलब्धि | कैफियत (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | खोप सेवा | ६६१३ | ५७५५ | ८७ |
| २. | गर्भवती सेवा | ७७१५ | ६००१ | ७८ |
| ३. | सुत्केरी सेवा | ६९४३ | २९३५ | ४२ |
| ४. | परिवार नियोजन सेवा | ३०० | १६२ | ५४ |
| ५. | पोषण सेवा | ३२०७८ | १७९४२ | ५६ |
| ६. | क्षयरोग सेवा | १३९ | ९० | ६५ |
| ७. | महामारी रोकथाम तथा नियन्त्रण | ३ | ३ | १०० |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाइ सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नितीगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (वुंदागत रुपमा प्रस्तुत गर्ने)**

क. स्वास्थ्य तथा जनसंख्या व्यवस्थापनका लागि गुणस्तरीय सेवामा जोड

ख. ग्रामीण तहसम्म सुलभ स्वास्थ्य सेवा पुऱ्याउन जनशक्तिको उचित व्यवस्थापन

ग. महिला, बालवालिका तथा बृद्धबृद्धाहरुलाई मध्यनजर गर्दै प्राथमिकताका साथ कार्यक्रम संचालन ।

**६. सामाजिक जिम्मेवारी वहनको क्षेत्र तथा क्षमताः**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था आ.व. २०६८/६९** | **आ.व. २०६९/७० मा** |
|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुंच भएको घरधुरी संख्या | ८० | ८२ |
| पाँच बर्ष मुनीका बालबालिकाको प्रतिशत | ५२ | ५६ |
| खोप पहुंच भएको जनसंख्या (एक वर्ष मुनीका बालवालिकाको आधारमा) | ६८ | ८७ |
| ४ पटक गर्भवती जांच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ६८ | ६९ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | २५ | ४२ |
| झाडा पखलाबाट मृत्यु हुने बालवालिका संख्या | ० | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ३५६१८ | ४२४२१ |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्दा भोगेका मुख्य मुख्य समस्याहरु (वुंदागत रुपमा)**

क. समयमा बजेट फुकुवा, निकाशा तथा निर्देशिका अप्राप्त ।

ख. निवार्चित स्थानीय निकायको अभावमा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा बाधा ।

ग. बढ्दो जनसंख्या र उनीहरुको चाहना बमोजिम सेवा पुऱ्याउन जनशक्ति अभाव ।

**८. भावी कार्यक्रम संचालनका लागी नितीगत तहवाट चाल्नुर्पे कदमहरु तथा सुझावहरु (वुंदागत रुपमा)**

क. स्थानीय आवश्यकतामा आधारित (BOP Approach) कार्यक्रम उपलब्ध हुनुपर्ने ।

ख. लागत तथा परिणामका सुचकहरु प्रयोग गरी कर्मचारीको क्षमता अभिवृद्धि प्रक्रियालाई निरन्तर अनुगमन गर्ने कार्य संचालन गर्ने ।

ग. स्वास्थ्य सेवालाई अन्य सामाजिक सेवाका क्षेत्रसँग आवद्ध गर्ने (Multisectoral Approach)

**सामाजिक परीक्षकको तर्फवाट**

हस्ताक्षर:

नाम:

मितिः

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्ष वा उपलब्धिहरु

क. सडक, सिंचाई, खानेपानी तथा सरसफाई जस्ता कार्यक्रमको साथमा सञ्चालित आयमूलक कार्यक्रमको माध्यमबाट पिछडिएका वर्ग, क्षेत्र र समुदायका जनताको आर्थिका सामाजिक सवलीकरणमा टेवा पुगेको ।

ख. आयोजनाहरुको परफारक गर्नुपूर्व आयोजना स्थलमा सरोकारवालाहरुको भेलामा सोको सार्वजनिक परिक्षण गर्ने कार्य भएको ।

ग. आ.व.२०६८/०६९ को अन्त सम्ममा ११ गा.वि.स.मा मात्र ODF घोषणा भएकोमा आ.व. २०६९/०७० मा थप ४८ गा.वि.स. र १ नगरपालिकामा ODF घोषणा भई जिल्लाका सबै (५९) गा.वि.स. र १ नगरपालिका ODF घोषणा भएको ।

घ. जि.वि.स.का गतिविधिहरु स्थानीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाईएको ।

ङ. सामाजिक सुरक्षाको रकम प्राप्त गर्ने व्यक्तिहरुको नामावली अद्यावधिक गरी website मा राखिएको र समयमै निकासा तथा वितरणको व्यवस्था गर्न सफल भएको ।

च. जिल्लास्तरका विकासका गतिविधिहरु सञ्चालनमा जिल्लास्तरिय राजनीतिक दलहरुको समन्वय र सहयोग प्रभावकारी रहेको ।

छ. गत आ.व.को जिल्ला परिषदबाट जिल्लाका अवसरहरुको पहिचान गरी समग्र जिल्लाको विकासमा टेवा पुऱ्याउने कार्य प्रभावकारी रहेको ।

ज. जिल्ला विकास समितिले जिल्लाको समग्र विकासको लागि विभिन्न गैर सरकारी संघ संस्था, सहकारी, नीजिक्षेत्र, उद्योगी, व्यापारीहरुसँग समन्वय गरी साझेदारीमा विकास निर्माणका कार्यहरु सञ्चालन गर्ने गरेको ।

झ. यस जिल्लालाई पर्यटन गन्तव्यका रुपमा विकास गर्नका लागि पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गर्ने नीति जिल्ला विकास समितिले अवलम्वन गर्ने गरेको ।

ञ. Planning and inventory software तथा GIS को प्रयोगले information and data management मा सुगमता मिलेको ।

ट. Computer based system को प्रयोगले सेवा प्रवाह र अभिलेखीकरण प्रभावकारी भएको ।

ठ. गत आ.व. २०६८/०६९ देखि सामाजिक परीक्षणको शुरुवात भएको साथै सोको प्रतिवेदन जि.वि.स.को सुचना विभागमा उपलब्ध भएको ।

ड. नयाँ कार्यालय व्यवस्थापनका कारणले जिल्ला विकास समितिबाट प्रवाह गरिने सेवा तथा सुविधाहरुमा सेवाग्राहीलाई सहज हुने गरेको ।

## ८. सामाजिक जिम्मेवारी वहनको क्षेत्र तथा क्षमताः

| सामाजिक जिम्मेवारीको क्षेत्र | सुचक सहितको कामको विवरण |
|---|---|
| **Participation**<br>जनसहभागीताको अवस्था कस्तो रह्यो तथा जनसहभागीता वृद्धिका लागी भएका प्रयत्नहरु । | • सडक खन्ने जस्ता काममा Machine को प्रयोगले गर्दा जनसहभागीतामा कमि भएको<br>• महिला, दलित जनजाती जस्ता पिछडिएका वर्गका व्यक्तिहरुलाइ निर्माण तथा उपभोक्ता समितिमा सहभागीताका लागि विशेष आरक्षण सहित प्रोत्साहन गरिएको । |
| **Equity/Inclusiveness**<br>समानुपातिक प्रतिनिधित्व र समान अवसरलाइ योजनाले कसरी संवोधन गरेको छ । | • योजना संझौताको क्रममा समानुपातिक प्रतिनिधित्वलाई एउटा आधारको रुपमा लिइएकाले समावेशीका सवालमा संवेदनशील भएको । |
| **Transparency**<br>सुचनामा पहुँच, निर्णयमा सहभागिता तथा आर्थिक पारदर्शिताको शर्तलाई योजनाले कति सम्मान गर्‍यो । | • योजना किताव, website, hording board, public hearing, regular monitoring र स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी नियमीत सूचना प्रवाह गर्ने गरेको ।<br>• योजना निर्माणका हरेक चरणमा समावेशी र समानुपातिक सहभागितालाई महत्व दिने गरेको । |
| **Quality**<br>वस्तु वा सेवाको उत्पादन तथा तिनको quality maintain भएको आधारहरु । | • विकास निर्माणका अन्य क्षेत्रहरु सवल भएपनि ठुलो लगानी भएको क्षेत्र सडक देखिन्छ तर सडक खन्नु राम्रो भएपनि यसको Regular standard maintain नभएको । |
| **Meeting the Targets**<br>वाञ्छित उपलब्धि हाशिल गर्नमा भएको सफलताको तह | • सडकहरुको गुणस्तर maintain मा कठिनाइ भएपनि अन्य योजनाहरुको उपलब्धि उल्लेख्य देखिन्छ । |
| **Social Benefits**<br>मानवीय पूंजिको निर्माण, स्थानिय जनताको निर्णय निर्माण क्षमतामा पारेको प्रभाव, लैगिंक मान्यताको कदर, स्वास्थ्य, शिक्षा तथा आर्थिक हैसियतमा भएको | • उद्यमशिलता, सिप विकास लगायतका क्षमता विकासका तालिमले गर्दा पिछडिएका वर्ग तथा क्षेत्रका जनताको आर्थिक सामाजिक सवलीकरणमा निकै सहयोग पुगेको ।<br>• समावेशी उपभोक्ता समिति गठन गर्ने गरिएकाले तल्लो वर्गका |

| | |
|---|---|
| बृद्धि, त्यस्तै गरि आयोजनाको कार्यान्वयन पश्चात सामाजिक सम्बन्धमा परेको असर । | जनताको निर्णय क्षमतामा बृद्धि हुन गई स्थानीय स्तरमा लैगिंक समावेशीकरणको प्रवर्द्धन भएको । |
| **Sustainability** आयोजनाको दिगोपनाको लागि सृजना गरिएको संरचना र दिगोपनाका स्पष्ट आधारहरु । | • Participatory bottom up approach को माध्यमबाट काम गर्दा योजना कार्यान्वयनमा बढेको जनसहभागिता, अपनत्वको विकास र निर्माण गरिएका संरचनाहरुको प्रभावकारी संरक्षण तथा उपयोग ।<br>• सडक लगायतका पूर्वाधारको विकासमा गरिएको स्थानीय श्रोत साधनको अधिकतम उपयोग र Bio-engineering अवधारणाको समेत प्रयोग ।<br>• Road corridor मा commercial farming लगायत अन्य आय आर्जनका क्रियाकलापको प्रयोग । |

## ९. मुख्य मुख्य चुनौती तथा कमि कमजारीहरु (बुँदागत रुपमा)

क. विगतको आवधिक योजनाको कार्यावधि सकिएको तर नयाँ आवधिक योजना बनाइ नसकिएकोले तत्कलिन समस्याहरुलाई योजना तर्जुमामा समावेश गरी योजनाबद्ध तथा दीर्घकालीन सोचका साथ विकास गर्न कठिनाई ।

ख. जि.वि.स.को आफ्नै आन्तरिक श्रोत कमजोर भएकोले चालु खर्च धान्न र योजनाहरुको प्रभावकारी अनुगमन तथा मूल्यांकनमा समस्या देखिएको ।

ग. राजनीतिक रुपमा स्थानीय निकायहरु स्वयत्त भएपनि आर्थिक तथा प्रशासनिक हिसावले परनिर्भर हुनुपरेकोले स्थानीय स्वायत्त शासन ऐन तथा नियमले परिकल्पना गरेजस्तो जनउत्तरदायी र प्रभावकारी हुन नसकेको ।

घ. जिल्लाका सम्पूर्ण गा.वि.स. र नगरपालिका क्षेत्रलाई खुल्ला दिसामूक्त घोषणा गरिएको भएपनि जिल्लाका विभिन्न स्थानहरुमा यसको व्यवहारिक रुपमा कार्यान्वयनमा नआएको ।

ङ सडक निर्माण तथा अन्य भौतिक विकासका संरचना निर्माणमा यान्त्रिक प्रयोगलाई बढवा दिइने गरेकोले स्थानीय वातावरणमा नकरात्मक प्रभाव देखिएको ।

च. कुनै पनि विकास आयोजना संचालन गर्दा उपभोक्ता समिति मार्फत् सम्झौता तथा निर्माण गरिने तर त्यसको मर्मत संभार तथा व्यवस्थापनमा उचित ध्यान नदिने गरेकोले विकास आयोजनाहरुको दिगोपनामा कमि आएको ।

छ. जिल्लाका ग्रामीण सडकको उचित व्यवस्थापन गर्न नसकेकोले सडक अव्यवस्थित हुनुका साथै यातायात व्यवसायीले मनपरी भाडा लिने गरेकोमा नियमनकारी निकायको प्रभावकारी अनुगमन हुन नसकेको ।

## १०. सहभागीहरुका सुझाव तथा प्रतिक्रियाहरुः

क. आयोजना कार्यान्वयन गर्दा विपन्न र लक्षित वर्गलाई समेट्नु भन्दा एकै स्थानमा दोहोरिने (Duplication) हुने गरेको ।

ख. सडक सञ्जाल विस्तार गर्दा मुख्य सडकको स्तरोन्नती र मर्मत गर्नका लागि विनियोजित बजेट शाखा तथा नयाँ सडक विस्तार गर्नमा खर्च गर्ने गरेको ।

ग. एउटा कार्यक्रमको लगानी लगाईएको ठाउँमा अर्को कार्यक्रमले लगानी नगरी पहिलो कार्यक्रमकै लगानीबाट प्राप्त उपलब्धिलाई प्रगतिवेदन बनाई लक्षित ठाउँमा नगएको ।

घ. ज्येष्ठ नागरिकहरु तथा असहाय अपाङ्ग नागरिकहरुका लागि आरोग्य आश्रमहरुको अभाव भएको ।

ङ कुनै पनि पूर्वाधार निर्माण गर्नुभन्दा अगाडी वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने ।

च. पूर्वाधारलाई मात्र विकास मान्ने प्रवृत्तिले गर्दा लक्षित वर्गका नागरिकहरुको आर्थिक सामाजिक सवलीकरणको पक्ष कमजोर भएकोले यसमा ध्यान दिनुपर्ने ।

छ. Post ODF का कार्यक्रमहरु जस्तैः सार्वजनिक शौचालय, शौचालय निर्माणका लागि सहुलियत र सरसफाई अभियान जस्ता कार्यक्रमहरु प्रभावकारीरुपमा संचालन गरिनुपर्ने ।

ज. विकास संरचना निर्माण गर्दा अत्याधिक यान्त्रिक प्रयोगले गर्दा स्थानीय जनसहभागिता कम हुनुका साथै स्थानीय स्तरका जनताको रोजगारीको अवसरमा कमि आउने गरेको ।

## ११. सामाजिक परीक्षण सार्वजनिक कार्यक्रममा उठाइएका सवालहरु माथि स्थानिय निकायका प्रमुख वा प्रतिनिधिहरुको जवाफ

क. Post ODF सम्बन्धि जि.वि.स.ले नीति निर्माण गरीसकेको तर कार्यान्वयन गर्न मात्र बाँकी रहेको ।

ख. विकास संरचना निर्माण कार्यमा यान्त्रिक प्रयोग गर्ने नीति नभएपनि स्थानीयस्तरमा आवश्यक मात्रामा श्रमिकहरुको अभावका कारण यन्त्रको प्रयोग गर्नुपर्ने बाध्यता रहेको ।

ग. गत आवधिक योजनाको समयावधिको समाप्ति सँगै अर्को नयाँ आवधिक योजनाको मस्यौदा तयारी अवस्थामा रहेको र अन्तिम रुप दिन मात्र बाँकी भएको ।

घ. जिल्ला विकास समितिले चालु आर्थिक वर्षदेखि नयाँ तथा शाखा बाटो निर्माणमा भन्दा मुख्य बाटोको स्तरोन्नती तथा मर्मत संभारमा मात्र बजेट विनियोजन गर्ने नीति अवलम्वन गरेको ।

ङ कार्यक्रमहरु दुर्गम, पिछडिएको तथा लक्षित वर्गमा पुगुन् भनेर जि.वि.स.ले आवश्यक पहल गरी विकास साझेदार संघसंस्थाहरुलाई दुर्गममा कार्यक्रम संचालन गर्नका लागि निर्देशित गर्ने गरेको ।

च. भु-संरक्षण तथा वातावरणीय अनुकुलनताका लागि जिल्ला विकास समितिले कुनैपनि योजनाको कुल लागतको १ प्रतिशत रकम वातावरण संरक्षणका क्षेत्रमा लगानी गर्ने गरिएको ।

छ. जि.वि.स. को आन्तरिक श्रोतको अभावमा प्रभावकारी अनुगमनमा कमि हुन नदिनका लागि जि.वि.स.ले जिल्लाका सबै विकास साझेदार निकायहरुलाई समन्वय गरी सहभागितामूलक अनुगमन गर्ने संयन्त्र तयार गरेको ।

ज. Post ODF कार्यक्रमलाई बढी प्रभावकारी बनाउनका लागि जि.वि.स.ले सबै आधुनिक र १ घर १ शौचालयको अवधारणालाई पुरा गर्ने गा.वि.स.हरुलाई पुरस्कृत गर्ने र नगर्नेलाई दण्ड गर्ने नीति अवलम्वन गरेको ।

**१२. सहभागीबाट आएका प्रतिक्रिया तथा सुझाव र त्यसमाथि भएको थप विश्लेषणको सारसंक्षेप**ः

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिहरुलाई नेपालमा स्थानीय सरकारको रुपमा परिभाषित गरिए अनुरुप यी सबै निकायहरुको आ-आफ्नै जिम्मेवारी तथा दायित्व छ । यीनीहरु मध्ये पनि जिल्ला विकास समिति झन् यस्तो निकायको रुपमा रहेको छ जसको छुट्टै भौगोलिक क्षेत्र छैन जहाँ गा.वि.स. तथा नगरपालिकाहरुको उपस्थिति नहोस् । यसले के देखाउँछ भने जिल्ला विकास समिति भनेको जनताका तहका स्थानीय निकायहरुको काममा एकरुपता तथा तादम्यता ल्याउनका लागि समन्वय तथा सहजीकरण गरिदिने निकाय हो । यति हुंदाहुंदै पनि जिल्ला स्तरीय योजनाहरु जसमा २ वा २ भन्दा बढी गाविसहरुको क्षेत्रलाई समेटेको हुन्छ, त्यस्तै गरी केन्द्रीय स्तरका योजनाहरुको पनि अनुगमन तथा प्राविधिक सहयोग उपलब्ध गराई quality assurance मा भूमिका खेली स्थानीय सामुदायिक विकासमा जनसहभागितालाई अभिवृद्धि गरी गुणात्मक सामाजिक रुपान्तरणमा सहयोगीको भूमिका खेल्नु यसको मुख्य दायित्व भित्र पर्ने भएकोले जिल्ला विकास समितिले संचालन गरेका हरेक आयोजनाहरुको सामाजिक परिक्षण हुनु व्यवहारिक मानिन्छ ।

स्थानीय निकायहरु जनताका सबैभन्दा नजिकका सरकारी निकायहरु हुन् जसको गतिविधि तथा व्यवहारले जनताले राज्यप्रतिको धारणा बनाउने गर्छन्, यिनै निकायलाई व्यवस्थित रुपले संचालन गर्नका लागि धेरै ऐन नियमावली तथा कार्यविधिहरु व्यवहारिक प्रयोगमा पनि आएका छन् । सरकारी स्तरबाट ठूलो लगानीका परियोजनाहरु पनि एकपछि

अर्को गरी कार्यान्वयनमा छन् तर पनि स्थानीय शासन प्रणालीका समस्याहरु यावत छन् । धेरै चुनौतिहरु मध्ये स्थानीय निकायहरुको क्षमता अभिवृद्धि मुख्य सवाल रहेको छ । गुणात्मक सामाजिक रुपान्तरणका लागि अहिले बजेटको समस्या होइन कमजोर व्यवस्थापकीय प्रणाली हो । यदि स्थानीय निकायको क्षमतामा पनि समय सापेक्ष रुपमा सुधार नल्याउने हो भने ठूलो लगानी अर्थहीन हुनु अस्वभाविक हुँदैन । अतः सामाजिक परीक्षणका क्रममा उठेका सवालहरुका आधारमा निम्न शिर्षक निकाल्न सकिन्छ ।

- सडक जस्ता पूर्वाधारले भूमिहीन विपन्नलाई कतिपय स्थानमा झन् गरिब बनाएको भन्ने भनाई अनौपचारिक छलफलको क्रममा देखिएको छ । अधिकांश स्थानमा अथवा निकायमा लक्षित वर्गका लागि अनिवार्य रुपमा विनियोजन गर्ने रकम छुट्टाउने तर खर्च भने अन्यत्रै गर्ने गरेको देखिन्छ ।
- स्थानीय श्रोतको प्रयोग दिगोपनाको भरपर्दो आधार हो तर जनसहभागिता र आर्थिक योगदानमा स्थानीय स्तरमा व्यापक समस्या देखिन्छ । सबै कामका लागि सरकारी अनुदानलाई ताक्ने परमुखी संस्कृतिको विकासले स्वावलम्वी विकासमा समस्या देखिन्छ ।
- कुनै पनि आयोजनाको फरफारक गर्नुपुर्व अनिवार्यरुपमा सार्वजनिक परीक्षण गर्नुपर्ने स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को दफा २०१ (२) बमोजिमको प्रावधानलाई योजनाहरुले सम्बोधन गर्न प्रयत्न गरेको पाइयो जसले पारदर्शितामा सहयोग पुऱ्याउने विश्वास गरिन्छ ।
- उपभोक्ता समितिहरु वर्गीय हिसावले समानुपातिक पाइन्छन् किनभने त्यसो नभएसम्म सम्झौता हुन सक्दैन । त्यसैगरी उपभोक्ता समिति वा निर्माण समिति बनाउने भेलामा अनिवार्य रुपमा स्थानीय निकायका प्रतिनिधिहरुको पनि सहभागितालाई सुनिश्चित गराउन सके विधि र प्रक्रिया पुऱ्याउने काममा पनि सहजीकरण हुने थियो ।
- यान्त्रिक उपकरणको प्रयोग निर्माणका काममा अत्याधिक हुनाले जनश्रमदान गराउन सकिएन भन्ने भनाई तर्कयुक्त मान्ने हो भने सडक डोजरले खनेपनि नाली बनाउने काममा स्थानीय श्रमलाई प्रयोग गर्नुपर्छ ।
- स्थानीय निकायहरुले नीतिगतरुपमा धेरै कार्यक्रमहरु पारित गर्ने गरेको भएतापनि स्थानीय जनताको दैनिक जीवनस्तरमा प्रत्यक्ष प्रभाव पर्नेगरी कार्यक्रमहरुको कार्यान्वयन गर्नुपर्ने हुन्छ । कागजी सुन्दरता भन्दा कार्यान्वयनको कठिन र असजिलो पक्षलाई पार गर्ने साहसीक कदमहरुको खाँचो देखिन्छ ।
- जिल्लाका विकास साझेदारहरुसँगको समन्वय र सहकार्य नौलो विषय नभएतापनि विकास निर्माणको कठिन प्रक्रियामा सबै साझेदारहरुको विश्वासिलो र अपनत्व सहितको सहभागिता र तदारुकताको खाँचो नै देखिन्छ ।
- कुनैपनि आयोजना छनौट गर्दा स्थानीय आवश्यकता र स्थानीय श्रोतको अधिकतम उपयोग हुने खालका आयोजनाहरुलाई प्राथमिकीकरण गर्ने कार्य अझै प्रभावकारी बनाउनेपर्ने हुन्छ, साथै स्थानीय स्तरबाट आयोजना उठान गर्ने क्रममा पनि टाँठाबाठाहरुबाट अनुमोदन गराउने भन्दा निम्न वर्ग र तप्काका व्यक्तिहरुबाट अनुमोदन गराउँदा आयोजनाको सामाजिक प्रभाव बृद्धि हुने देखिन्छ ।

## १३. सामाजिक जिम्मेवारी पुरागर्न स्थानीय निकायले चाल्नुपर्ने कदमहरु तथा सुझावहरु :

क. जिल्ला विकास आयोजनाहरु संचालन गर्दा स्थानीय श्रोत साधनहरु अधिकतम परिचालन हुने तथा जनसहभागिता बढ्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्नु उपयुक्त हुने देखिन्छ ।

ख. जिल्लाका विभिन्न विकासका साझेदार संघ संस्थाहरुको कार्यक्षेत्र सुगममा मात्र केन्द्रीत नगरी दुर्गम तथा पिछडिएका क्षेत्र तथा वर्गसम्म पुऱ्याउनका लागि जि.वि.स.ले उचित समन्वय र पहल गर्नुपर्ने देखिन्छ ।

ग. योजना पुस्तिकामा विभिन्न आयोजनाका शिर्षकमा विनियोजित रकमको साथमा उपलब्धि मापन सुचक सहितको वार्षिक लक्ष्य किटान गर्नु आवश्यक देखिन्छ ।

घ. गा.वि.स.हरु लक्षित वर्गलाई बजेट विनियोजन गर्न नसक्ने तर पुनः त्यही शिर्षकमा बजेट माग गर्दा स्विकृत हुने गरेकोमा जि.वि.स.ले विषेश सतर्कता अपनाउनुपर्ने देखिन्छ ।

ङ. सडक विस्तार गर्दा संवेदनशील स्थानहरु जस्तैः धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, पर्यटकीय तथा उत्पादनशील भूमिलाई सकेसम्म नकारात्मक प्रभाव नपर्नेगरी पूर्व सर्भेका आधारमा निर्माण गर्नुपर्ने देखिन्छ ।

च. विकास निर्माणका आयोजनाहरुको कार्यान्वयन गर्दा तोकिएको समयमा सम्पन्न गराउन सम्बन्धित स्थानीय निकायले विषेश पहल गर्नुपर्ने देखिन्छ ।

छ. विकास आयोजनाहरुको सम्पन्न हुने दर हेर्दा सडकको तुलनामा खानेपानी तथा संस्थागत शौचालय निर्माणको काममा तोकिएको भन्दा बढी समय लागेको पाइन्छ । यस जिल्लामा पनि गत आर्थिक बर्षका आयोजनाहरुको सम्पन्न दर मूल्यांकन गर्दा त्यही खालको नतिजा देखिएकोले यसका जिम्मेवार कारणहरुको समयमै पहिचान गरी शौचालय निर्माण तथा खानेपानी जस्तो जनस्वास्थ्य तथा महिलाको जिम्मा मानिने पानी संकलनको समयमा कमि आई महिला तथा बालवालिकाहरुको सामाजिक सशक्तिकरणमा प्रत्यक्ष रुपमा छिटो सहयोग पुग्ने भएकोले त्यस प्रकारका आयोजनाहरुलाई अग्रधिकार दिई प्राथमिकतामा राख्न सके समाजमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

**सामाजिक परीक्षकको तर्फवाट**

हस्ताक्षरः

नामः

मितिः

## सन्दर्भ सामाग्री


केन्द्रीय तथ्यांक विभाग (२०६९) *राष्ट्रिय जनगणना २०६८, संक्षिप्त नतिजा,* काठमाडौं, नेपाल ।

जि.वि.स. (२०७०) *आ.व. २०६९/०७० को वार्षिक प्रगति विवरण,* जिल्ला विकास समिति बागलुङ ।

जि.वि.स. (२०७०) *जिल्ला विकास योजना पुस्तिका (आ.व. २०७०/०७१),* जिल्ला विकास समिति बागलुङ ।

जि.वि.स. (२०६९) *सामाजिक परीक्षण प्रतिवेदन, २०६९,* जिल्ला विकास समिति बागलुङ ।

नेपाल सरकार (२०५५) *स्थानीय स्वायत्त शासन ऐन, २०५५,* काठमाडौं, नेपाल ।

नेपाल सरकार (२०५६) *स्थानीय स्वायत्त शासन नियमावली, २०५६,* काठमाडौं, नेपाल ।

नेपाल सरकार (२०६४) *स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४,* काठमाडौं, नेपाल ।

नेपाल सरकार (२०६८) *स्थानीय निकाय समाजिक परीक्षण कार्यविधि २०६७,* स्थानीय विकास मन्त्रालय, ललितपुर नेपाल ।

## अनुसुची - १

जिल्ला विकास समितिको कर्मचारी र पदपूर्ति सम्बन्धि विवरण

| क.स. | पद र श्रेणी | दरवन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय विकास अधिकारी<br>रा.प.अ.द्बितिय | १ | १ | स्थायी |
| २. | योजना अनुगमन तथा प्रशासकिय अधिकृत<br>रा.प.अ. तृतिय | १ | १ | स्थायी |
| ३. | लेखापाल<br>रा.प.अन. प्रथम | २ | २ | स्थायी |
| ४. | गा.वि.स. सचिव<br>रा.प.अ. तृतिय (वि.) | २ | २ | स्थायी |
| ५. | गा.वि.स. सचिव<br>रा.प. अन. प्रथम | ३ | ३ | स्थायी |
| ६. | गा.वि.स. सचिव<br>रा.प.अन. प्रथम (वि.) | २३ | २३ | स्थायी |
| ७. | गा.वि.स. सचिव<br>खरिदार | ३१ | २६ | स्थायी (रिक्त ५) |
| ८. | कार्यक्रम अधिकृत<br>अधिकृत स्तर (छैटौं) | ३ | २ | स्थायी १, समायोजन १ र रिक्त १ |
| ९. | योजना अधिकृत<br>अधिकृत स्तर (छैटौं) | १ | १ | स्थायी विषेश |
| १०. | प्रशासकीय अधिकृत<br>अधिकृत स्तर (छैटौं) | १ | १ | स्थायी विषेश |
| ११. | ना.सु<br>सहायक पाचौं | २ | १ | स्थायी (रिक्त १) |
| १२. | ना.सु<br>सहायक पाचौं | २ | २ | स्थायी |
| १३. | लेखापाल<br>सहायक पाचौं<br>आ.ले.प. | १ | १ | स्थायी |

| | | | | |
|---|---|---|---|---|
| १४. | उ.वि.स.<br>सहायक स्तर पाचौं | १ | १ | समायोजन |
| १५. | सा.प.<br>सहायक स्तर पाचौं | २ | २ | समायोजन |
| १६. | सव ईन्जिनियर<br>सहायक स्तर पाचौं | ३ | ३ | स्थायी, वि.२ |
| १७. | अ.स.ई.<br>सहायक स्तर चौंथो | ३ | २ | स्थायी, रिक्त १ |
| १८. | स.ले.पा. (आ.ले.प.) लेखा<br>सहायक चौंथो | ३ | २ | स्थायी, रिक्त १ |
| १९. | खरिदार<br>सहायक चौंथो | ६ | ४ | स्थायी, रिक्त २ |
| २०. | मिस्त्री<br>सहायक चौंथो | २ | २ | स्थायी |
| २१. | खा.पा.स.टे.<br>सहायक चौंथो | ३ | ३ | अस्थायी |
| २२. | खा.पा.स.टे.<br>सहायक तृतिय | १ | १ | अस्थायी |
| २३. | हल्का सवारी चालक<br>सहायक तृतिय | २ | २ | अस्थायी करार |
| २४. | कार्यालय सहयोगी<br>सहायक पाचौं | ३ | ३ | स्थायी |
| २५. | कार्यालय सहयोगी<br>सहायक तृतिय | १ | १ | स्थायी |
| २६. | कार्यालय सहयोगी<br>सहायक द्वितिय | २ | २ | स्थायी |
| २७. | कार्यालय सहयोगी<br>सहायक प्रथम | ३ | २ | अस्थायी रिक्त १ |
| **कुल जम्मा** | | **१०८** | **९६** | |